MOEST Online दरखास्त फारम भर्दा ध्यान दिनु पर्ने मुख्यमुख्य पक्षहरू

शैक्षिक वर्ष २०७६/०७७ समेतका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ बमोजिम ७५ प्रतिशत निशुल्क छात्रवृत्ति सिट कायम गरिएका त्रिविवि महाराजगञ्ज चिकित्सा क्याम्पस, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान पाटन, विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र त्रिभुवन विश्वविद्यालय तथा काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त स्वदेशी लगानीका शिक्षण संस्थामा १० प्रतिशत र विदेशी लगानीका शिक्षण संस्थामा २० प्रतिशत एवं विदेशबाट प्राप्त हुने MBBS & BDS विषयको छात्रवृत्तिमा मनोनयन गर्न योग्यताक्रम कायम गर्ने प्रयोजनका लागि मिति २०७६ कार्तिक ६ गतेको गोरखापत्रमा समेत प्रकाशित सूचनाअनुसार त्रिभुवन विश्वविद्यालय वा अन्तगर्तका मेडिकल कलेजहरू र विदेशबाट प्राप्त हुने छात्रवृत्तिका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योग्यताक्रम कायम गर्ने प्रयोजनका लागि दरखास्त दिन चाहने इच्छुक उम्मेदवारहरूले Mobile/Tablet/Laptop/Desktopजस्ता इलेक्ट्रोनिक साधनको प्रयोग गरी Onlineमाध्यमबाट दरखास्त पेश गर्न सकिने छ ।

Online Application Form भर्दा सक्कल कागजातबाट स्क्यान (scan) गरी Upload गर्नु पर्नेDocument हरु:

देहाय बमोजिमको समुहमा दरखास्त पेश गर्न चाहनेले देहाय बमोजिमका कागजातहरूको Online Applicationभर्दाका बखत नै Upload गर्नुपर्ने भएकोले सम्वन्धित Document Scan गरी प्रत्येक Document को 600 केवी भन्दा सानो JPEG Format मा Image तयार गरेपछि स्पष्ट छ छैन एकिन गरेर मात्र फारम भर्न सुरु गर्नु पर्नेछ ।

Photo (Image)= उम्मेदवारको फोटो अनुहार पूर्ण रूपमा देखिने हुनु पर्नेछ ।

Image File Format = The image must be in the join photographic Expert Group (JPEG) format

Image File size = The maximum image size is 240 kilobytes(240KB)

Image Resolution and Dimensions: Minimum acceptable dimensions are 207 pixels×266 pixels(35mm×45mm)

साधारण समूहको लागि:

- नेपाली नागरिकताको प्रमाण पत्र
- प्रवेश परीक्षा दिँदाको प्रवेशपत्र
- एसएलसी/एसइइ वा सो सरहको लब्धाङ्क पत्र
- एसएलसी/एसइइ वा सो सरहको चारित्रिक प्रमाण पत्र र बिदेशबाट उत्तीर्ण गरेको भए समकक्षताको पत्र
- दश जोड दुई वा सो सरहको ट्रान्सक्रिप्ट
- दश जोड दुई वा सो सरहको विदेशमा अध्ययन गरेका को लागि Pass Certificate/Degree Award Certificate/Provisional Certificate or Migration Certificate तथा समकक्षता
- राजश्व बापत आफूलाई पायक पर्ने राष्ट्रिय बाणिज्य बैङ्कमा तोकिएको कोड नम्बर र खाता नम्बरमा रकम जम्मा गरेको भौचर
- शैक्षिक योग्यताका प्रमाण पत्रहरूमा र नेपाली नागरिकतामा नाम, थर र जन्म मिति फरक भए एउटै व्यक्ति भएको सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

आरक्षण समूह(सामुदायिक विद्यालय) को लागि:

(विपन्नताको सिफारिस, सामुदायिक विद्यालय सम्वन्धी सिफारिस र आरक्षित समूहको सम्वन्धी प्रमाणसमेत ३ वटै प्रमाण पेश गर्न सक्ने उम्मेदवारका लागि।)

१.साधारण समूहका लागि तोकिएका कागजातहरू
२.स्थानीय तहले जारी गरेको विपन्नताको सिफारिस पत्र
३. शिक्षा विकास तथा समन्वय एकाइ वा सम्बन्धित स्थानीय तहले जारी गरेको सामुदायिक विद्यालय सम्वन्धी सिफारिस पत्र
जुन समूहमा दरखास्त दिने हो सो समूहमा पर्ने भनि तोकिएको निकायले जारी गरेको सिफारिस पत्र (महिला समूह बाहेक)

आरक्षण समूहः अन्य विद्यालय

(नेपाल भित्रका सामुदायिक विद्यालय बाहेकका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उतिर्ण गरी आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाण पेश गर्न सक्ने उम्मेदवारहरू र सामुदायिक(सरकारी) विद्यालयबाट एस. एल. सी/ एस.इ. इ उत्तीर्ण गरेको भएता पनि शिक्षा विकास तथा समन्वय एकाइ वा स्थानीय तहबाट र तोकिएको ढाँचामा तोकिएको मिति भित्र प्रदान गरिएको विपन्नताको सिफारिसपत्र पेस गर्न नसक्ने तर आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणमात्र पेस गर्न सक्ने अन्य उम्मेदवारहरूका लागि)

- साधारण समूहका लागि तोकिएका कागजातहरू र जुन समूहमा दरखास्त दिने हो सो समूहमा पर्ने भनि तोकिएको निकायले जारी गरेको सिफारीस पत्र (महिला समूह बाहेक)

दरखास्त फाराम पेश गर्न माथि तोकिए बमोजिमका आवश्यक कागज प्रमाणहरूको स्क्यान (SCAN)प्रति समेत तयार गरे पछिमात्र फाराम भर्न शुरु गर्नु पर्नेछ ।

- **झुट्टा विवरण पेश गरी आवेदन गरेमा दुई वर्षसम्मका लागि अयोग्य हुने गरी सूचिकृत गरिने हुँदा यथार्थ विवरण मात्र दरखास्तमा उल्लेख गर्नुहोला ।**
- दरखास्त फारम भर्ने उम्मेदवारले सम्बन्धित विश्वविद्यालय तथा प्रतिष्ठानहरूले २०७६ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा उत्तिर्ण गरेको हुनु पर्नेछ ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको Online दरखास्त फाराम भर्न सम्बन्धित विश्वविद्यालय तथा प्रतिष्ठानको Entrance Examको रोल.नं./प्राप्ताङ्क र योग्यताक्रम ईन्ट्री गरेपछि मात्र Online Application फाराम खुल्नेछ ।
- Onlineदरखास्त फाराम भर्न शुरु गरेको आधा घण्टा भित्र भरी सक्नुपर्नेछ ।
- जुन परीक्षाको लागि दरखास्त पेश गर्ने हो सो विषयसँग सम्वन्धित विवरण मात्र भर्नु पर्नेछ ।
- एक भन्दा वढी विषय, विश्वविद्यालय तथा प्रतिष्ठानमा योग्यताक्रम कायम गराउन छुट्टाछुट्टै फाराम भर्नु पर्नेछ । राजश्व पनि छुट्टाछुट्टै बुझाएको भौचर अपलोड गर्नुपर्ने छ ।
- दरखास्त फारम मिति मिति २०७६ साल कार्तिक ०६ गते देखी २०७६ साल कार्तिक २० गते सम्म online माध्यमबाट भर्न सकिनेछ ।
- एक पटक फाराम भरि सेभ गरिसकेपछि पुन सोहि विषयको फाराम भर्न पाईने छैन तर अर्को विषयका लागि दरखास्त फाराम भर्न पाईने छ ।
- फाराम भर्ने क्रममा अवश्यक विवरण नपुगेमा रातो रङगकोAsterisk (*) देखिन्छ त्यस्तो भएमा उक्त चिन्हमा माउस (mouse) राखी सहयोग(Help) लिन सकिनेछ ।
- Online फाराम भर्ने क्रममा फाराम पूरा भरी नसकेसम्म BACK or REFRESH बटन नथिच्ने।

- Onlineफारम पूरा भरिसकेपछि दरखास्त फाराम मन्त्रालयमा प्राप्त भएको जानकारी MOE Online Registration नं तथा अद्यावधिक गर्नु पर्ने भए सो समेत हेरिसके पछिमात्र मन्त्रालयबाट तपाईको E-Mail मा पठाईनेछ । इमेल ठेगाना गलत इन्ट्री भइ इमेल प्राप्त नभएमा विद्यार्थी स्वयम् जिम्मेवार हुनेपर्ने छ ।
- आवेदन दिँदा आवश्यक मानिएका कागजात तथा राजश्व भौचर अनिवार्य रूपमा तोकिएको ढाँचामा अपलोड गर्नुपर्ने छ ।
- Onlineफारम भर्ने क्रममा कुनै समस्या परेमा छात्रवृत्ति शाखामा सम्पर्क गर्नुहोला ।

**नोटः पेश गर्नुपर्ने कागजातहरूको विस्तृत जानकारी र अन्य जानकारीका लागि यस मन्त्रालयको वेवसाइट www.moest.gov.npमा राखिएको सूचना अध्ययन गर्नुहोला ।**

शाखाको फोन न. ४४१८१६९